नेपाल सरकार
# शान्ति तथा पुनर्निर्माण मन्त्रालय

प.सं. २०७४/७५
च.नं. ०२

सिंहदरबार, काठमाडौं
नेपाल ।

मिति: २०७४।४।१७

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

**विषय : स्थानीय शान्ति समितिको कार्यालयका कर्मचारीहरुलाई निरन्तरता दिने सम्वन्धमा ।**

स्थानीय शान्ति समितिको लागि यस मन्त्रालयबाट अर्थ मन्त्रालयमा आ.व. ०७४/७५ का लागि बजेट माग गरिएकोमा सो शीर्षकमा बजेटको व्यवस्था हुन नसकेको अवस्थामा यस मन्त्रालयबाट च.नं. ७९ मिति २०७४।३।१ को पत्रबाट आ.व. ०७४/७५ मा स्थानीय शान्ति समितिसँग सम्वन्धित कार्यक्रम तथा कार्यालयको निरन्तरता हुन सक्ने अवस्था नरहेको व्यहोरा जानकारी गराइएको थियो ।

सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगहरुबाट उजुरीको छानविन/अनुसन्धान कार्यमा स्थानीयस्तरमा सहयोग पुर्‍याउन स्थानीय शान्ति समितिको कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई निरन्तरता दिन अनुरोध भै आएकोले नेपाल सरकार (मन्त्रिपरिषद) बाट मिति २०७४।४।५ मा "साविक बमोजिम ७५ जिल्लामा कार्यरत स्थानीय शान्ति समितिका कर्मचारीहरुलाई आ.व. ०७४/७५ मा निरन्तरता दिने तथा सो का लागि आवश्यक वजेट अर्थ मन्त्रालयले शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई उपलब्ध गराउने" भनी निर्णय भएको र मिति २०७४।४।१७ को नेपाल सरकार (सचिवस्तर) को निर्णयका आधारमा वजेट निकासाका लागि मिति २०७४।४।१७ मा अर्थ मन्त्रालयमा अनुरोध भइसकेकोले तदनुरुप स्थानीय शान्ति समितिको कार्यालयका कर्मचारीहरुलाई साविक बमोजिम कामकाजमा लगाउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

..............................
(दुर्गा प्रसाद भुर्तेल )
उपसचिव



फोन नं. ४२११९८९, ४२११०८९, ४२११७७१, ४२११७७६, ४२११५५० फ्याक्स : ९७७-१-४२१११८६
Website: <www.peace.gov.np> E-mail: info@peace.gov.np

Scanned by CamScanner